पोखराको विन्धबासिनीमा रहेको सचेतना हस्तकला उद्योगले महिलाहरुका लागि गमला बनाउने तालिम सञ्चालन गरेको छ । सोमवार सुरु तालिम फागुन २३ गतेसम्म जारी रहनेछ । तालिमको एक कार्यक्रमका बीच जिल्ला विकास समिति कास्कीका सामाजिक शाखा अधिकृत अर्जुन न्यौपानेले उद्घाटन गरे ।

गोमा सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा सचेतना हस्तकला उद्योगका संचालक नारायणी सुवेदी, महिला सम्मक्ष समितिका पूर्व उपाध्यक्ष तारादेवी अधिकारी, समाजसेवी शिवराज पराजुली, घरेलु महासंघका अध्यक्ष माधवप्रसाद पराजुली, प्रशिक्षक देवी आले, वन उपभोक्ता महासंघ कास्कीका अध्यक्ष कालिदास सुवेदी, प्रशिक्षार्थीको तर्फबाट छविकला सुनार र वसन्ती पराजुली, अनन्त सामुदायिक सेवा समिति अध्यक्ष विजया रेग्मी लगायतले बोलेका थिए ।

जिल्ला विकास समिति कास्कीको सहयोगमा तालिम सञ्चालन गरिएको हो । पहिला पाँच तालिम लिएका महिलाहरुलाई गमला बनाउने तालिम दिइएको उद्योगका सञ्चालक सुवेदीले जानकारी दिइन् ।

पोखराका गायक सुरज मार्दै काठमाडौंमा

✍ गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

आईतबार दिउसो भक्तपुरी मण्डपको दृश्यले एक पटक सबैलाई चकित बनायो । सबै जना आ-आफ्नो गन्तव्यमा पुग्न ह

पूर्व सैनिक तथा प्रहरी महासंघमा खेमजङ्ग

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

पोखरामा सम्पन्न पूर्व सैनिक तथा प्रहरी महासंघको प्रथम राष्ट्रिय भेलाले लमजुङका सुवेदार मेजर खेमजङ गुरुङको अध्यक्षतामा ३७ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको छ ।

सधै लड्दी आएकै लागि, अब लड्दी आफै लागि भन्ने नाराका साथ पोखरा सभागृहमा भेलाले समितिको उपाध्यक्षहरुमा क्याप्टेन मेकबहादुर गुरुङ (कास्की), क्याप्टेन डिलबहादुर थापा मगर (स्याङ्जा) र रामलखन यादव (तराई मधेश) चयन हुनु भएको छ।

यसैगरी सदस्यहरुमा ओम बहादुर गुरुङ (कास्की), समर राई (झापा), क्या.नरेश थापा(स्याङ्जा), भक्तबहादुर बिक(बाग्लुङ), मदन बस्याल नेपाली(नवलपुर), तेजबहादुर गुरुङ(गोरखा), उमर गुरुङ (काठमाडौं), छविलाल थापा (नवलपरासी), कुलबहादुर गुरुङ (ताप्लेजुङ), निरबहादुर राई(झापा), मनबहादुर गुरुङ(तनहुँ), तुलबहादुर गुरुङ(पाल्पा), धर्मराज गुरुङ (कास्की), विजयबहादुर थेप्रु मकवानपुर), चन्द्रबहादुर गोले, मकवानपुर), सुवेदार हरिमान तामाङ(लमजुङ), हर्कगायथन राई(धनकुटा), जादुमान राई(ओखलढुंगा), ई.मानकाजी गुरुङ (कास्की),सु. सुवेदन गुरुङ(कास्की), जयमान राई(सुनसरी), निरबहादुर थापा(बाग्लुङ), सु. कुलबहादुर भुजेल(कास्की), नइबहादुर गुरुङ (कास्की), केशव दाहाल (खोटाङ), विष्णु दनुवार(उदयपुर) जसबहादुर थापा(नवलपरासी), क्या.भिमबहादुर थापा(स्याङ्जा), मे.कोमलसिंह गुरुङ(कास्की), जनक विष्ट (उदयपुर) चयन भएका छन् ।

नवनिर्वाचित समितिलाई कार्यक्रममा प्रमुख अतिथि संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले सपथ ग्रहण गराउँदै बधाई ज्ञापन गरेका थिए । समितिको नाम संघीय समाजवादी फोरम कास्कीका अध्यक्ष दीपक तामाडले घोषणा गरेका थिए ।

भेलाले पूर्व सैनिक तथा प्रहरीका हकहित लगायत आम जनताका चासो एवं अधिकार समेटिएको २७ बुँदे तमुवान पोखरा घोषणापत्र जारी गरेको छ । घोषणापत्र संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य तथा पूर्व सैनिक तथा प्रहरी सह इन्चार्ज मनेन्द्र मान राईले घोषणा पत्र प्रस्तुत गरेका थिए । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले दीप प्रज्वलन गर्दै उद्घाटन गरेका थिए ।

जनप्रिय क्याम्पसमा कविता प्रतियोगिता

पोखरा १७ फाल्गुन ।(गोल्डेन)

जनप्रिय बहुमुखी क्याम्पस पोखरामा क्याम्पसस्तरीय कविता प्रतियोगिता सम्पन्न भएको छ । शहिद सप्ताहको अवसर पारेर अखिल क्रान्तिकारी जनप्रिय इकाइ समितिले सो कविता प्रतियोगिता आयोजना गरेको थियो । प्रतियोगितामा नविन पौडेल प्रथम, सुनिल पोखेल द्वितीय र मालती खनालले तृतीय स्थान हासिल गरेका थिए । कार्यक्रममा अखिल क्रान्तिकारीका केन्द्रिय सचिवालय सदस्य तथा चार नं. प्रदेश संयोजक अम्मरदीप पराजुलीले विद्यार्थी भित्रका प्रतिभा पस्फुटन गर्न अखिल क्रान्तिकारीले बेला बेलामा रचनात्मक एवं सिर्जनात्मक कार्यक्रम गर्दै आएको बताए । संघीय समाजवादी फोरम नेपालका केन्द्रिय सदस्य एवं निर्णायक सदस्य विपिन आचार्यले विजेता कविहरुलाई बधाई एवं शुभकामना व्यक्त गर्दै आगामी दिनमा निरन्तर साहित्य साधनामा लाग्न उत्प्रेरित गरे । निर्णायक संयोजक तथा साहित्यकार परिवर्तनले निर्णय सुनाउँदै प्रतियोगिहरुका कविता उत्कृष्ट रहेको र निर्णायार्थ प्रस्तुत गर्न निकै कठिन भएको अनुभव सुनाए । निर्णायकको भूमिका साहित्यकार परिवर्तन, विपिन आचार्य र साधुराम लामिछानेले गरेका थिए । अखिल क्रान्तिकारी जनप्रिय इकाइ समितिद्वारा आयोजित कविता प्रतियोगिताको अध्यक्षता इकाइ अध्यक्ष विप्लव भण्डारीले गरेका थिए भने संचालन गणेश परियारले गरेका थिए । कार्यक्रममा अनौपचारिक रुपमा विभिन्न विद्यार्थीले कविता वाचन गरेका थिए।

बमबारे गलत सूचना

काठमाडौं १७ फाल्गुन ।

काठमाडौंबाट लुक्सा आएको सिभिक एयरको विमानमा बम गरहेको पुष्टि भएको छ । सोमवार बिहान पौने ८ बजे लुक्ला विमानस्थलमा अवतरण भएको विमानको सामान राख्ने ठाउमा बम रहेको पत्रो भेटिएपछि विमानस्थल मा केहीबेर त्रास फैलिएको थियो । विमानको जाँच गर्दा कुनै खतरापूर्ण वस्तु नभेटिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रमुख माधवप्रसाद पुडासैनीले जानकारी दिए ।

विद्यार्थीलाई विदाई

पोखरा १७ फाल्गुन ।

पोखराको वैद्यामस्थित न्यासनल इन्भेन्टिभ आवासीय उच्च माविबाट प्रवेशिका परीक्षा दिने कक्षा १० का विद्यार्थीहरुलाई सोमवार विदाई गरिएको छ । कक्षा ९ का विद्यार्थीहरुले आयोजना गरेको विदाई कार्यक्रममा शुभकामना दिँदै विद्यालयका प्राचार्य उमा लामिछानेले एसएलसी परिक्षा २०७२ मा सहभागि हुने विद्यार्थीहरुलाई मेहनतका साथ पढन आग्रह गरे। उनले परीक्षामा उत्कृष्ट अंकका साथ उत्तीर्ण हुनका लागि लगनशील भएर अघि बढ्नुपर्नेमा जोड दिए ।

कक्षा ९ का छात्रा विपना पहारीको अध्यक्षतामा आयोजित कार्यक्रममा विद्यालयका सह-प्राचार्य विकम पौडेल, कक्षा १० का छात्र योगेन्द्र राना, कक्षा ९ का छात्र प्रसिद्ध दाहाल लगायतले बोलेका थिए । कार्यक्रममा कक्षा ९ र १० का विद्यार्थीहरुबीच मायाँको चिनो आदान-प्रदान गरिएको थियो भने नृत्य तथा गीत समेत प्रस्तुत गरिएको थियो । कक्षा ९ का छात्रा लस्ता श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

भाष्करद्वारा विद्यार्थीलाई सम्मान

पोखरा १७ फाल्गुन ।

पोखरा ११ फूलबारीमा अवस्थित भाष्कर मेमोरियल स्कूलले विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरेको छ । हालै सम्पन्न लेखनाथ महोत्सवमा नृत्य विधामा तृतीय हुन सफल एलिना पुनलाई एक कार्यक्रमको आयोजना गरी विद्यालयले सम्मान गरेको हो । उनलाई विद्यालयका शिक्षकहरु गणेश बहादुर राना, होमराज अधिकारी लगायतकाले सम्मान गरेका थिए । यसैबीच विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत कथा लेखन प्रतियोगिता सम्पन्न गरेको छ । प्रतियोगितामा प्रा.वि. तहमा अदिती पौडेल, विनम्र वास्तोला, विराज दुंगाना र कृपा सुवेदीले क्रमशः सान्त्वना, तृतीय, द्वितीय र प्रथम स्थान हासिल गरे ।

त्यसैगरी नि.मा.वि. तहमा यूरिका गुरुङ, निर्देश सुवेदी, किरण आचार्य र गरीमा गौतमले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गरे भने मा.वि. तहमा अपर्णा वास्तोला, सोनीका दुंगाना र श्रुती अधिकारीले प्रथम द्वितीय र तृतीय स्थान हासिल गरेको अतिरिक्त क्रियाकलाप विभाग प्रमुख शिक्षक गोविन्द थापाले बताए ।

बैंक ग्यालेन्स

बैंक ग्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्क नुहोस् ।
सम्पर्क
९८२६९१-०६६०२

तु-अवश्यकता

एकाउन्टेन्ट क्वालिफाएर	- ४/५ जना
रिसेप्सनिस्ट (डिग्रिमा)	- ४ जना
नर्सटेक्नरी टिचर(स्याङ्जा)	- २ जना
नोआइल पराल/बाईक सोरुम (सोरुमभैमा ४ पोजिसनिङ्गमा नेसरुम (सोरुमभैमा)	- ५ जना
सहकारी नर्सहरु	- ३ जना
स्याङ्जा वा लाईसन्स भएको लोडिज	- १ जना

हामी लगाईहालन्छ पोखरामा बाहिरे सम्पर्क बासको काम र कम्पाएर उपलब्ध गराउछौं ।

सम्पर्क कक्षस्टर्स्टी, बुहुचोक पोखरा
०६१-४२५४०, २५२७८, ९८४६१६५१८०

हार्दिक सम्वेदना

जन्म: वि.स.२०००/०७/०१

स्वर्गारोहण वि.स.२०७२/११/०६

स्व. राममणि लामिछाने

लायन्स क्लब अफ पोखरा दर्पणका सचिव लायन दिनेशमणि लामिछाने एवं शुभचिन्तक दिपेन्द्रमणि लामिछानेका पुजनीय पिता राममणि लामिछानेको असामयिक निधन भएकोमा हामी अत्यन्नै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

MJF लायन लक्ष्मी पाण्डे
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा अर्पण परिवार

MJF ई. सञ्जिव बहादुर थापा
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा दर्पण परिवार

हार्दिक समवेदना

जन्म: वि.स.२०००/०७/०१

स्वर्गारोहण वि.स.२०७२/११/०६

स्व. राममणि लामिछाने

श्री पुनरावेदन अदालत बार एशोसिएशन इकाइका सदस्यद्वय एवं कानून व्यवसायीहरु दिपेन्द्रमणि लामिछाने तथा दिनेशमणि लामिछानेका पुजनीय पिता राममणि लामिछानेको असामयिक निधन भएकामा हामी अत्यन्नै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

खगेन्द्रराज आचार्य
अध्यक्ष एवं
श्री पुनरावेदन अदालत बार एशोसिएशन इकाइ परिवार

हार्दिक समवेदना

जन्म: वि.स.२०००/०७/०१

स्वर्गारोहण वि.स.२०७२/११/०६

स्व. राममणि लामिछाने

नेपाल डेमोक्र्याटिक लवर्स एशोसिएशन (डिएलए) कास्कीका सदस्यद्वय एवं कानून व्यवसायीहर दिपेन्द्रमणि लामिछाने तथा दिनेशमणि लामिछानेका पुजनीय पिता राममणि लामिछानेको असामयिक निधन भएकामा हामी अत्यन्नै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्णप्रसाद तिमिल्सिना
अध्यक्ष एवं
नेपाल डेमोक्र्याटिक लवर्स एशोसिएशन (डिएलए) कास्की परिवार

प्रो. वद्री के.सी. : ४८५६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३९८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

हार्दिक सम्वेदना

जन्म: वि.स.२०००/०७/०१

स्वर्गारोहण वि.स.२०७२/११/०६

स्व. राममणि लामिछाने

लायन्स क्लब अफ पोखरा दर्पणका सचिव लायन दिनेशमणि लामिछाने एवं शुभचिन्तक दिपेन्द्रमणि लामिछानेका पुजनीय पिता राममणि लामिछानेको असामयिक निधन भएकोमा हामी अत्यन्नै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

MJF लायन लक्ष्मी पाण्डे
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा अर्पण परिवार

MJF ई. सञ्जिव बहादुर थापा
अध्यक्ष एवं
लायन्स क्लब अफ पोखरा दर्पण परिवार

हार्दिक समवेदना

जन्म: २०००-०७-०१

स्वर्गारोहण: २०७२-११-०६

स्व. राममणि लामिछाने

हाम्रा आत्मीय मित्र एवं नेपाल टेलिकम वर्कर्स युनियन इकाई समिति पोखराका अाइ.पी.पी. तथा नेपाल टेलिकम दूरसंचार कार्यालय पोखराका वरिष्ठ सहायक श्री दिनेशमणि लामिछाने एवं शुभचिन्तक दिपेन्द्रमणि लामिछानेका पुजनीय पिता राममणि लामिछानेको असामयिक निधन भएकोमा हामी अत्यन्नै मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

नेपाल टेलिकम वर्कर्स युनियन
इकाई समिति पोखरा परिवार

अनेक समस्या सफल उपचार

ज्याष्टिक: खाना रुचि नहुने, अमिलो पानी आउने, मुखसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: लिङ्ग स्खलन, उत्तेजना बढ्ने, लिङ्ग घिसाउने, स्वज दोष जस्तो सुकै यौन समस्याको सफल उपचार

महिला सम्बन्धि समस्या

महिलाहरुको मासुथ्री, सेतोपानी बग्ने, योनी घिसाउने, तल्लो पेट दाह्र कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन घाटाबाट कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक प्राविधिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- काले घाउँ पोतो, उज्यिालोपार, झुल पध्वा, मस्किया, कोठी, घाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

थप उपचार:- ऐसर, मुजर, जण्डिस, घिसान, पाइल्स, दम साँघे बाथ, दाह्र कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने नमुना तेल ।

शितल आयुर्वेद फर्मा
पध्वीचोक, पोखरा, मोरिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-५२५४५४८, मो. ९८४६१७४४९८

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

खुशीको खबर !

के तपाईलाई लामोभागे भई ठेउमेर गई हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडा पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको र वर्थपिक्षिप्तात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्रवाचोक प्रतिष्ठालय नजिक)
वडा नं. ३ घर नं. २ । सम्पर्क : ९८४६२८५४५४

"रगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस, रोयल इस्पायरका साथै सिपेजको समस्या साधान , बाटर प्रुफिङ गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

वाया, पोतो र डण्डिफोर Bye Bye

वाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्ने रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
ब्याक्टिरिया, डण्डफर, हात घुटाका औंलिहरुमा देखा पर्ने
ब्याक्टिरियाल उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्युटी ट्रेडर्स

घिस्रेटुङ्गा, पोखरा-७, फोन: ४८४६५४५१८८, ०६१-५२४८५४
(माल इम्पोरियमको अगाडि ठा क्रमशेक भन्दा तुई घर तल)

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi मा Spark Middle East Star Skil Force. UAE मा DPS, भरतपुरा Group-4, भारतपुर, अमेरिका मा Diplomatic सेक्युरिटी गार्ड लगायत, अस्ट्रेलिया, जापान, कोरिया लगायत अन्य अन्तराष्ट्रिय स्तरका सेक्युरिटी कम्पनीहरुमा जाने सुनौलो अवसर ।

तयारी कक्षा छिनाछिन

सम्पर्क
आमोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिस ल्याडर इम्प्लोइमेन्ट सर्भिस प्रा.लि

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin इन्डो र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्र.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

साथा विशेषताहरु :- तयारी कक्षा छिनाछिन क्लिन छ ।
०-शतप्रतिशत उत्तीर्ण गराउन सफल ०-आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०-१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाईमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट ५०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५२०७२, मो. ९८४६०-८१९२

पोखरामा पहिलो पटक

योनिद्वार : लिङ्को साइज, पावर बढाउन, लिङ् स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुजाइ कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन स्व अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल घटाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा कुज्ञ छुटाउने।
दाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्तो सुधा पेवलिस।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स

(भाटभटेनीको ठिक अगाडि) स्यरोड, पोखरा
061-539070, 9856035331, 9804122919

अदालतलाई दबाव : यरुना पुन (नेहा) को हत्या आँधीखोरी कीर्तन खड्गीलाई हर्दिसम्मको कारावासी मागे पछि कास्की जिल्ला अदालत परिसरमा धना र नाराबाजी गर्दै आफन्तजनहरु । उनीहरुले नाराबाजी गरिरहँदा अदालत भित्र सोही विषयमा बहस भइरहेको थियो । तस्वीर : गोल्डेन न्यूज

प्यारग्लाइडिङ प्रि-वर्ल्डकपमा अझै मौसम बाधक

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

खराब मौसमका कारण पोखरामा जारी प्यारग्लाइडिङको प्रि-वर्ल्ड कप तथा खुल्ला नेपाल प्यारग्लाइडिङ प्रतियोगिता अन्तर्गत सोमबारका सबै खेल स्थगित भएको छ । समयमै मौसम नखुलेको हुँदा दिउसो १२:२० बजे सुरु भएको प्रतियोगिता २४ मिनेट भित्र नपाउँदै अर्मला क्षेत्रमा पानी पर्न थालेपछि खेल बीचमै स्थगित भएको आयोजक नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष योगेश भट्टराईले बताए ।

कम्तिमा पनि एक घण्टा उडान नभएको अवस्थामा प्रतियोगितालाई अंक नजोडिने भएकोले पनि सोमबार सबै प्रतियोगिताहरु आकासमा उडेपनि उनीहरुको कुनै अंक नजोडिने गरी खेल स्थगित भएको प्रतियोगिताका प्राविधिक संयोजक रविन गुरुङले बताए । सोमबार प्रतियोगिताको लागि आकासमा ७० किलोमिटरको दरी निर्धारण गरिएको थियो । प्राविधिक संयोजक गुरुङले भने- "प्यारग्लाईडिङका लागि मौसम खुल्को र यसमा सकेार घाम लागेको दिनलाई हामीले उत्तम दिन मान्दछौं, तर पानी परेको अवस्थामा हामीले प्यारग्लाईडीङ गर्न कठिन हुन्छ, किनकी प्यारग्लाईडिङ हावाको चापको आधारमा आकासमा उड्ने हो ।"

आइतवार विहान पनि पोखरा क्षेत्रमा पानी परेर पनि आकास खुल्न सहभागी ५ राष्ट्रका ७ सय बढी नसकेे पछि सधैंजसो १० बजेपछि सुरु हुने प्रतियोगिता ४ घण्टा ढिलो अर्थात २ बजेपछि मात्र सुरु भएको थियो । आइतवार प्रतियोगीहरुले लागि ४४ किलोमिटरको दूरी निर्धारण गरिएको थियो । जसमा इरानका साहीन फलाज अघ स्थानमा छन् । उनले अन्य प्रतियोगीहरु भन्दा बढी ९ सय ९९ अंक जोडेर अघ स्थानमा रहन सफल भएका हुन । त्यसै गरी रसियाका स्लेव सुखेस्की ९ सय ९२ अंकका साथ दोश्रो स्थानमा रहेका छन । त्यसैगरी महिलातर्फ भने कोरियाकी ह्वाईन हिकिम अग्रस्थानमा रहन सफल भईन । उनले ९ सय ३२ अंक जोडेर सफल भईन । प्रतियोगीहरुले सराङकोट क्षेत्रको आकास हुँदै नौडाडाँ सम्मको आकासको पेरीफेरीलाई उडान गरी खपेटीमा अवतरण गरेका थिए । असैंचोक पोखरामा पहिलो पटक आयोजना भएको विश्व तेक्वान्दो हान्यावनमा सहभागी ५ राष्ट्रका ७ सय बढी खेलाडीहरुले पोखरामा व्यवसायिक प्यारग्लाइडिङ गर्न चाहेर पनि पुर्वी खेल एकै भितिमा आयोजना भएकोले गर्न पाएनन । यसबाट व्यवसायी तथा खेलाडीहरु दुबैलाई मको परेको भन्दै गुनासो बढेको छ । पोखरामा आयोजना हुने गेमा ईभेण्ट सकार एकै भितिमा नगर्दा आयोजक तथा अन्य क्षेत्रलाई फाईदा पुग्ने भएकोले यस प्रति सोच्न खेलकुदकर्मीहरुले आग्रह गरेका छन ।

गुप्तेश्वरको यान्त्रिक गाईबाट सातलाख बढी आम्दानी

पोखरा १७ फाल्गुन ।

पोखरा उपमहानगरपालिका-१७ छोरेपाटनस्थित गुप्तेश्वर महादेव गुफाभित्र निर्मित यान्त्रिक गाईबाट वार्षिक सात लाख २३ हजार रुपैयाँ आम्दानी भएको छ । गुफाको सौन्दर्य कायम गर्न २०६४ सालमा एक लाख ८० हजार रुपैयाँमा निर्मित यान्त्रिक गाईलाई एक दाना खुवाएपछि दूध र गहुँत दिने व्यवस्था मिलाइएको छ । यान्त्रिक गाईको दर्शनका लागि १० रुपैयाँको गुच्चा प्राप्त हुने र उक्त गुच्चा गाईको नजिकै रहेको प्यालमा राखिदिएपछि दूध तथा गहुँत दिने गर्छ । शिवको मन्दिरमा गाईको दूध तथा गहुँतको विशेष महत्व हुने भएकोले त्यस्तो व्यवस्था गरिएको गुफा व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद पौडेल बताउछन् ।

वार्षिक सात लाखदेखि १० लाख रुपैयासम्म आम्दानी हुनेगरेको छ । गहुँतबाट आफुलाई शुद्धिकरण गरी दर्शनार्थी गाईले दिएको दुधले गुफाभित्रको शिवको मूर्तिमा चढाउछन् । विस २०४० मा आश्चर्यजनक गुफा पत्ता लागेपछि देशका विभिन्न ठाउँबाट सो गुफामा महादेवको दर्शनका लागि दर्शनार्थी आउने गरेका छन् । जमिनको सतहबाट लगभग १०० मिटर तल रहेको महादेवको प्राकृतिक मूर्तिमा दर्शन गरेमा मनले चिताएको पुरो धार्मिक जनविश्वास रहेकाे छ । मन्दिर व्यवस्थापन समितिका पूर्वअध्यक्ष खगराज आचार्यका अनुसार कामधेनु गाईको मूर्ति सुर्खेतका मूर्तिकार तिलक सेन्चुरीले निर्माण गरेका हुन् ।

गुफा वाहिर १०८ किलोको शालिग्राम स्थापना गरिएको छ । त्यसलाई व्यवस्थित गर्न करिब रु एक करोड १५ लाखको लागतमा भवन निर्माणको योजना अघि सारिएको छ । मुस्ताडबाट ल्याइएको शालिग्राम रहेको परिसरलाई विश्व दर्शन धामको रुपमा विकास गर्ने लक्ष्य राखिएको आचार्यको भनाइ छ । गुफा प्रवेशका लागि विद्यार्थीबाट पाँच, सर्वसाधारणबाट १० र विदेशीबाट ३० रुपैयाँ शुल्क लिने गरिएको छ । हिउँदको समयमा मन्दिरसहित गुफा भिजवाट मनोरम पातले छोगेमेमेत हेर्नका लागि विद्यार्थीबाट ३५ रुपैयाँ, सर्वसाधारणबाट ५० र विदेशीबाट १०० रुपैयाँ शुल्क लिने गरिएको छ । गुफाले यस आवमा कामधेनु गाईको टिकट बिक्री बाहेक अन्यबाट दुई करोड पाँच लाख ७३ हजार रुपैयाँ आम्दानी गरेको छ ।

त्यस्तै डानपवबाट आठ लाख ३१ हजार, सदस्यता शुल्कबाट दुई लाख १३ हजार, बैंक ब्याजबाट चार लाख १५ हजार र सहयोग रसिदबाट १२ हजार रुपैयाँ आम्दानी गरेको समितिका कोषाध्यक्ष ऋषिराम वरालले जानकारी दिए । सो आम्दानीलाई गुफा व्यवस्थापनका साथै गुप्तेश्वर महादेव वहुमुखी क्याम्पस सञ्चालनका लागि उपयोग गरिदै आएको छ । क्याम्पस सञ्चालक समितिका अध्यक्ष तिलक आचार्यका अनुसार क्याम्पसमा हाल २६८ विद्यार्थी रहेका छन् । गुफा व्यवस्थापन समितिले यसवर्ष ६२ लाख रुपैयाँ क्याम्पस सञ्चालनका लागि छुट्टयाएको छ । रासस

संस्थापनमा...

गर्नुपर्नेमा जोड दिएका छन् । कतिपयले सिटौला नआउने भए पनि गगन थापालाई कोषाध्यक्षको उम्मेदवार बनाएर समेटनुपर्ने सुझाव दिएका थिए । यसो गर्दा सिटौलाले संस्थापन पक्षबाट ठँै मत काटन नसकी अनुमान छ । थापाले सिटौला क्याम्पबाट महामन्त्रीको उम्मेदवारी दिने बताउँदै आएका छन् । कोइराला परिवारबाटै सुजाता कोइरालाले पनि सभापतिको उम्मेदवारी दिने बताउँदै आएकी छन् । उनलाई सरकार या संसदीय समितिमा व्यवस्थापन गर्ने गरी मनाउने प्रयास सुरु भएको छ । उनले शशांकलाई नभएर आफूलाई महामन्त्रीको उम्मेदवार बनाउनुपर्नेमा जोड दिँदै आएकी छन् । महामन्त्रीका लागि शेखरको धारी पनि कायमै छ । रामचन्द्रलीले बोलउनुपाएको थियो । भोलि बैठक सकुलेमेमे मा भोलि आउँछु आज आइतवार) आउन सक्दिन भनें, सुजातालेे भनिनु भेरो तयारी सभापतिमै छ ।' नीति तथा कार्यक्रम अनुमोदन कार्यमा केन्द्रीय कार्यसमितिको आइतवारको बैठकले नीति तथा कार्यक्रम परिमार्जनसहित अनुमोदन गरेको छ । महामन्त्री सिटौलाले प्रस्तुत गरेको संगठनात्मक प्रतिवेदन पनि बैठकले सर्वसम्मतिबाट अनुमोदन गरेको छ । मुलुक संघीय प्रदेशमा प्रवेश गरे पनि पार्टी संरचना यसअघि जस्ती हुने भएको छ । बैठकले यसअघि अन्यत्रबाट प्रतिनिधित्व हुने एकरुपक जनाको उदाँस यस पटक प्रक्रियाबाट छुईंदुई जना प्रतिनिधित्व हुने निर्णयमाथि गरेको छ । केन्द्रीय कार्यसमितिको आकार यसअघिकै ८५ सदस्यीय नै कायम भएको छ । बैठकमा महिला केन्द्रीय सदस्यहरूले विरोधको बावजुद बैठकले केन्द्रीय समितिको आकार नबढ्ने निर्णय गरेको हो ।

हाङ्गमादाङ्ग तेक्वान्दोमा नेपाल च्याम्पियन

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

पोखरामा सम्पन्न हाङ्गमादाङ्ग तेक्वान्दोमा नेपाल च्याम्पियन भएको छ । नेपालले प्रतियोगितमा १४ स्वर्ण, २० रजत र ३७ काम्यपदक जितेर च्याम्पियन भएको हो । तोक्वान्दो मुख्यालय कोरियाको सहयोगमा पहिलो पटक पोखरामा आयोजना गरिएको प्रतियोगितामा भारत दोस्रो भयो । भारतले ६ स्वर्ण, ७ रजत र ८ काम्यपदक जितेर दोस्रो भएको हो । प्रतियोगितामा मलेसिया दोस्रो भयो । मलेसियाले ३ स्वर्ण, १ रजत र १ काम्यपदक जितेे तेस्रो हुदाँ बंगलादेश चौथो भयो । बंगलादेशले ३ स्वर्ण र १ काम्य पदक जितयो । भुटान २ काम्य सहित पाँचौ भयो ।

१५ गतेदेखि पोखराका नयाँ बजारस्थित प्रदर्शनी केन्द्रमा भएको प्रतियोगितामा सात देशका सात सय बढिद खेलाडीले प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिता अन्तर्गत आइतवार भएको पुरुष टीम ग्यारेगीमा नेपाल पुलिस क्लब पहिलो तथा नेपाल आर्मी क्लब दोस्रो भए । यसैगरी, भारतीय टिमले तेस्रो स्थान प्राप्त गर्न सफल भयो । पुलिसको टोलीमा मनोज मल्ल, अनोज पुजारी, विर बहादुर मगर।र निश्चलमान श्रेष्ठ सहभागी थिए । त्यस्तै आर्मीकी टीममा रुशेम बहादुर पुन, रोहित तामाङ, प्रवीन गुरुङ र तारा बहादुर रायमाझी रहेका थिए । यसैगरी साइड बेकिंगमा नन्दा बस्याल पहिलो भए । फिनल्ट बेकिंगमा धीमा भरतका उदय नारायण स्नुक पहिलो भए । साइड च्याक किकमा नेपालकी नन्दा बस्याल पहिलो भइन् । हाइअप्स बेकिंग सिनियर वान, दु एन्ड डुथी नेपालका रञ्जन श्रेष्ठ पहिलो भए । अथोराइन्ड पुम्से सिनीयर धीमा मलेसियाका जु साम अलीजामी पहिलो भए । अथोराइन्ड पुम्से जुनियर बानमा बंगलादेशका समिर खान तथा यसैको जुनियर दुमा भारतका सुवास प्रतिक पहिलो भए । जुनियर टु फिमेलमा भारतकी इरिन नोवीस पहिलो भइन् । जुनियर थ्री मेलमा नेपालका निजाऋद्धीन पहिलो भए ।

महिलामा नेपालकी संगीता सुनुवार पहिलो भइन् । सिनियर बानमा भारतका हर्ष सिंह पहिलो भए । सिनियर टुमा मलेसियाका लीयो सियो वांग पहिलो भए । महिलामा नेपालकी राधीका श्रेष्ठ पहिलो भइन् । सिनियर थ्रीमा नेपालकै विरालता भण्डारी पहिलो भइन् ।

प्रदेश नं. ४ को योजना तर्जुमासम्बन्धी अन्तर्क्रिया

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

राष्ट्रिय योजना आयोगको आयोजनामा १४ औं त्रिवर्षीय योजनाको तयारी सम्बन्धमा प्रदेश नं ४ को योजना तर्जुमासम्बन्धी अन्तर्क्रिया कार्यक्रम सोमवारदेखि पोखरामा सुरु भएको छ । सीमित स्रोत र साधनलाई उपयोग गरी जनमुखी विकास आयोजनामा खर्च गरेर जनतालाई अधिकतम लाभ दिने खालका योजना तर्जुमा गर्न सुझाव लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

त्रिवर्षीय योजनाले पुनःनिर्माण, नयाँ लगानीका माध्यमबाट उच्च आर्थिक वृद्धि तथा उत्पादनमूलक रोजगारीका अवसर वृद्धि गर्दै गरिबी न्यूनीकरण गर्ने समेत लक्ष्य राखेको बताइएको छ । अन्तर्क्रिया कार्यक्रममा यस प्रदेशअन्तर्गत जिल्लाका विभिन्न राजनीतिक दल, विकाससम्बन्धी कार्यालयका प्रमुख, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज र सञ्चारकर्मीको सहभागिता रहेको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य डा.चन्द्रकान्त पौडेलले कार्यक्रमको शुभारम्भ समारोहलाई सम्बोधन गर्दै विकास आयोजनामा पुँजीगत खर्च हुन नसक्दा नेपाल राष्ट्र बैंकमा झन्डै रु नौ खर्ब थुप्रिएको जानकारी दिए । गत वैशाख १२ गते गएको विनाशकारी भूकम्प र नाकाबन्दी तथा अन्तर्राष्ट्रिय प्रतिकूल परिस्थितिले अझै हामीलाई तर्साइरहेको बताउँदै उनले प्रदेश नं ४ प्राकृतिक सम्पदा, सांस्कृतिक, बौद्धिक एवम् आर्थिक क्षेत्रको हिमचलै अग्गी अवस्थामा रहेको बिचार व्यक्त गरे । आयोगका अर्का सदस्य डा. सुनिलबाब श्रेष्ठले बर्सेनी देशमा चार लाख युवायुवती रोजगारीका लागि श्रम बजारमा आउने हुनाले अब आयोगका कार्यक्रम रोजगारीमूलक खालका हुनुपर्नेमा जोड दिए । क्षेत्रीय प्रशासक शङ्करप्रसाद कोइरालाको अध्यक्षतामा भएको सो कार्यक्रममा सहभागीका तर्फबाट रामबहादुर पौडेल, आनन्दराज मुल्मी, गोविन्द सुवेदी, विश्वप्रकाश लामिछाने, कृष्णप्रसाद बराल, लेखनाथ भट्टराईलगायतले विभिन्न सुझाव दिएका थिए ।

चिल्ड्रेन-नेपालद्वारा अनुशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

चिल्ड्रेन-नेपालद्वारा बालिकाको लागि अनुशिक्षण कार्यक्रम पोखरामा सम्पन्न भएको छ । संस्थाको सहयोगमा पोखरा उप-महानगरपालिका भिरका विभिन्न १० वटा सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने ३५ जना बालिकाहरूको सहभागितामा कार्यक्रम भएको हो । 'स्वास्थ्य, चेतिवेटी वेचविखन तथा बाल विवाह र त्यसको प्रभाव' विषयमा भएको अनुशिक्षण कार्यक्रममा प्रजनन् स्वास्थ्य, यौवन अवस्था उमेर नपुगी हुने विवाह, त्यसको प्रभाव, चेतिवेटी वेचविखन, बाल विवाह लगायतका विषयमा वरिष्ठ कार्यक्रम अधिकृत शारदा शर्मा, इसरत प्रविन, रमेश सुवेदी, महेन्द्र पौडेल तथा मेट्रोसिटी हस्पिटलका स्टाफ नर्सका कार्यरत अस्मिता पौडेलले सहजीकरण गरेका थिए । कार्यक्रमका सहभागीले बालिकाहरू भने यसअघि, उहांले दृष्टी, जनादेश, समदृष्टि र निण्यक्ष लगायतका सान्तात्मिक पत्रिकाहरुमा काम गरेका थिए ।

पत्रकार शाहीलाई पुरस्कृत गर्दै गण्डकी संचारगृह

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

रहने कडेलले बताए । मानिसलाई स्वास्थ्य राख्न र शुद्धर पोखरालाई स्वच्छ राख्न साइकल उपयोगी हुने भन्दै सञ्चार गृहका प्रवन्ध निर्देशक लक्ष्मण गुरुङले साइकल प्रेमी शाही गण्डकी सञ्चार गृहमा २०६४ सालदेखि आवद्ध छन् भने यसअघि, उहांले दृष्टी, जनादेश, समदृष्टि र निण्यक्ष लगायतका सान्तात्मिक पत्रिकाहरुमा काम गरेका थिए ।

रेडियो गण्डकीले आफ्नो नवौं वार्षिकोत्सवको अवसरमा साइकल च्यालीं र शुभकामना आदान प्रदानसँगै गण्डकी पत्रकारिता पुरस्कार वितरण गर्ने भएको छ । फागुन १९ गते बुधवार विहान ७ बजे साइकल च्यालीं र ११ बजेपछि विशेष समारोह हुने रेडियोले जनाएको छ। रेडियोले वार्षिकोत्सव मा यस पटक साइकल च्यालीको आयोजना गर्ने लागेको रेडियोका अध्यक्ष अरिनघ साद कँडेलले जानकारी दिए च्यालीमा साइकल प्रेमीको संस्थागत सहभागिता रहनेछ भने पोखराका कलेज तथा विद्यालयका विद्यार्थीहर, सघसंस्था, बैंकर, स्वास्थ्यकर्मी, सरकारी कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, उद्योगी व्यवसायी, पर्यटन व्यवसायी, समाजसेवी लगायतको सहभागिता रहेको छ । साइकल च्यालीं गण्डकी संचारगृहबाट सुरु भएर पोखरा उपमहानगरपालिका-१७ स्थित गुप्तेश्वर महादेव गुफासम्म पुगेर फर्किने छ । च्यालीं ४० किलोमिटर लामो हुने छ ।

शरीर बन्धक राखी ठगी गर्ने महिला प्रहरी खोरमा

गोल्डेन न्यूज संवाददाता
तनहुँ १७ फाल्गुन ।

आधुनिक युगमा पनि यो समाजबाट अझै अन्धविश्वास र कुरीति हटन सकेको छैन । जसको उदाहरण हालै तनहुँको घोर्सीकुवा गाविस वडा नं १ निवासी ५१ वर्षीय कृष्णमाया कसाईलाई लिन सकिन्छ । बोक्सीले दुःख दिएको भन्दै मानिसलाई अन्धविश्वासमा पारेर ठगी गरिरहेकी कसाईलाई प्रहरीले पकाउ गर्न सफल भएको छ । जिल्लाको आँबुखैरी-६ बस्ने ३७ वर्षीय कृष्णबहादुर गुरुङलाई कसाईले बोक्सीले दुःख दिएको छ भन्दै पाछुं मेटी चढाउनुपर्ने भन्दै नगद र गरगहना गरी रु एक लाख ६० हजार ९०० बराबर ठगी गरेको प्रहरीले जनाएको छ ।

कसाईले विरामी गुरुङलाई आफ्नै घरमा फागुन १० देखि १५ गतेसम्म बन्धक बनाए फोनसमेत गर्न नदिएर राखेको प्रहरी अनुसन्धानबाट खुलेको छ । उक्त स्थानबाट प्रहरीले नगद रु ८४ हजार, सुनको सिकी एक थान, पञ्चरत्ने बाला एक थान, मोबाइल एक थान, रुद्राक्ष माला आठ थान, हँसिया एक थान, त्रिशूल एक थान बरामद गरेको छ । कृष्णमायालाई आइतबार शरीर बन्धक राखी ठगी गरेको शीर्षकमा मुद्धा दर्ता गरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धानकार्य भइरहेको प्रहरी नायब उपरीक्षक राकेश सिंहले जानकारी दिए ।

अखिल क्रान्तिकारीद्वारा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १७ फाल्गुन ।

एमाओवादीनिकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) कास्कीले शहिद सप्ताहको अवसरमा कास्कीमा स्टेशनरी सामग्री तथा फलफूल वितरण गरेको छ अखिल (क्रान्तिकारी) को आयोजनामा फागुन १४ गते पोखरा-१४ मझेरीपाटनमा रहेको शहिद स्मृति आवसीय उच्च माध्यमिक विद्यालयका विद्यार्थी र शिक्षकहरु बीच स्टेशनरी सामग्री र फलफूल वितरण गरिएको हो विद्यालयका ३०० विद्यार्थीहरुलाई स्टेशनरी सामग्री र फलफूल वितरण गरिएको कार्यक्रममा एमाओवादी कास्कीका अध्यक्ष दीपक कोइराला, उपाध्यक्ष गंगा पोखरेल, नेता वखानसिंह गुरुङ, कोषाध्यक्ष दुर्गाकुमारी वि.क., अखिल (क्रान्तिकारी) चार नम्बर प्रदेशका संयोजक अमरजिप पराजुली, महिला नेतृ गायत्री दुरा, वाइसिएलका प्रदेश संयोजक सुमन देवकोटा लगायतका वक्ताहरुले दिवंगतहरुद रन्तेल लगायतका शहिदहरुको जीवनी र योगदानबारे चर्चा गरेका थिए। सो अवसरमा अखिल (क्रान्तिकारी) कास्कीका अध्यक्ष नारायण वडालले कार्यक्रमको औचित्यबारे प्रकाश पारेका थिए ।

अदालत...

पौडेल, जाहेरवालाको तर्फबाट सुरेन्द्र थापामगर र सरिता थापाले बहस गरेका थिए । वादीका तर्फबाट विनिता नेपाली, शोभा पौडेल, सरला कुमारी पाण्डे र प्रतिवादीको तर्फबाट अधिक्ता दुर्योसराज पन्तको बहस बाँकी नै रहेकोले बाँकी बहस गरि मंगलवार धुनछेक आदेश हुने कास्की जिल्ला अदालतका सेरेस्तदार विनबन्धु बरालले जानकारी दिए ।

सुनौली पब्लिकेशन्स प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अंगाधर पराजुली, निर्देशक हरिणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिल्ड्रेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५२२२२२, Email: goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिल्ड्रेढुंगा, पोखरा